# नेपाल न्यूज एक्सप्रेस

नेपाल न्यूज एक्सप्रेस

nepalnewsexpressdaily.com

Nepal News Express Daily

दैनिक

वर्ष : १ | अंक :१६१ | २०७८ साल, चैत्र १५ गते मंगलवार | Tuesday 29 March, 2022 | पृष्ठ : ४ | मूल्य रू. ०५ / -


## पर्साको जंगलमा बिगत एक हप्तादेखि लागेको डढेलो अझै नियन्त्रणमा आउन सकेनन्



बीरगन्ज,१४ चैत । पर्साको जंगलमा बिगत एक हप्तादेखि लागेको डढेलो अझै नियन्त्रणमा आउन सकेको छैन । डढेलो लागेको एकहप्ता भइसक्दा पनि त्यसलाइ निभाउन सम्बन्धित निकायले पहल नगरेको स्थानीयवासीले गुनासो गरेका छन् । सेक्टर बन कार्यालय वसन्तपुर, ईलाका बन कार्यालय हरैया, भतौडा र रङ्गपुर, सेक्टर बन कार्यालय बढ्िनयार तथा पर्सा राष्ट्रिय निकुञ्जको महादेव पोस्ट, चारभैया पोस्ट गडुवालाइन, निर्मल बस्ती पोस्ट, पन्चमुखी सामुदायिक बन र सुनाखरी उपभोक्ता समिती अन्तर्गत रहेको बन क्षेत्रमा बिगत १ हप्ता देखि डढेलो लागेको हो । डढेलोका कारण करोडौं मुल्य बराबरका काठ तथा बोट्बिरुवाहरु जलेर नस्ट भएको स्थानीय वासिन्दाले बताएका छन् । आगलागीबाट निस्केको धुवाँले जङ्गल नजिकैका मानव वस्तीहरुमा समेत असर पारेको छ । डढेलोको धुवाँले जंगलको नजिकै रहेका वस्तीका स्थानीयहरुमा आँखा चिलाउने, आँखा रातो हुने, बिहानको समयमा धुवाँले अध्यारो हुने जस्ता समस्या देखिएको छ ।

**बाकी चौठो पृष्ठमा........**

## मकवानपुरबाट गाँजासहित पाँच पक्राउ



प्रहरीले मकवानपुरमा गाँजासहित पाँच जनालाई पक्राउ गरेको छ। हेटौंडा उप-महानगरपालिका-१३ पदमपोखरी बस्ने २८ वर्षीय अरविन्द नेपाली, राप्ती नगरपालिका-११ का ५५ वर्षीय सञ्चबहादुर थिङ्ग, मनहरी गाउँपालिका-३ का ५३ वर्षीय बुद्धिबहादुर थिङ्ग रहेको जिल्ला प्रहरी कार्यालयका मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक जयश्रुवर रिमालले जानकारी दिए।

यसैगरी रोराङ्ग गाउँपालिका-२ बस्ने ३० वर्षीय मान बहादुर चेपाङ्ग र सोही स्थान बस्ने ३९ वर्षीय सन्त बहादुर चेपाङ्ग पनि पक्राउ परेका छन्। प्रहरीले उनीहरूलाई विशेष सूचनाको आधारमा पक्राउ गरेको हो। प्रहरीले प्र. ३-०१-०२३ च ५६४० नम्बरको पिकअप गाडी चेक गर्ने क्रममा १६५ किलो ८०० ग्राम गाँजा फेला पारेको हो। प्रहरीले नेपालीलाई गाडीसहित नियन्त्रणमा लिएको प्रहरी नायब उपरीक्षक रिमालले बताए। उनका अनुसार मनहरी गाउँपालिका-६ स्थित लोथर खोला हुँदै खयरघारीतर्फ शंकास्पद रूपमा भारी बोकी गइरहेको अवस्थामा मान बहादुर, सन्त बहादुर, बुद्धि बहादुर र सञ्च बहादुरको भारीबाट १०० किलो गाँजासहित नियन्त्रणमा लिएको हो।

प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

## मधेस प्रदेशको मुख्यमन्त्री कार्यालय घेराउ गर्न ३९ जना चुरे अभियानि पक्राउ



वीरगंज, चैत १४ । मधेस प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय घेराउ गर्न पुगेका ३९ जना चुरे अभियानिलाई प्रहरीले पक्राउ गरेको छ ।

निषेधित क्षेत्र तोडेर प्रदर्शन गर्दै मुख्यमन्त्री कार्यालय घेराउ गरेको भन्दै २७ महिला र १२ पुरूष गरि ३९ जना चुरे तथा वन जङ्गल संरक्षण अभियन्ताहरुलाई प्रहरीले पक्राउ गरेको हो ।

सिरहा जिल्लाको मिर्चैया नगरपालिकास्थित मारुती सिमेन्टले चुरे क्षेत्रको जग्गा अतिक्रमण गरेको, चुरे क्षेत्रको जग्गा भूमिहीनका नाउँमा व्यक्तिले कब्जा गरेर बिक्री गरेको विषयमा छानबिनका लागि समितिले बुझाएको प्रतिवेदन सार्वजनिक नगरेको भन्दै उनीहरू विरोध प्रदर्शन गर्दै मुख्यमन्त्री कार्यालय घेराउ गर्न पुगेका थिए । अभियानका संयोजक सुनिल कुमार यादवले चुरे वन विनास र सिरहा वन कार्यालयको अनियमीतता,मारुती सीमेन्टले कब्जा गरेका जग्गा फिर्ति र मधेशका भुमीहिनहरुलाई भुमीप्रतिको अधिकार दिने भनेर पटक पटक गरेको प्रतिवद्धता कार्यान्वय नगरेकोले आफूहरू आन्दोलनमा

**बाकी चौठो पृष्ठमा........**

## पटेर्वासुगौली गा.पा.द्वारा स्वास्थ्य सेवीकालाई साईकल बितरण



बीरगन्ज,१४ चैत । पटेर्वासुगौली गाउँपालिकाले गाउँपालिका स्थित वडा अन्तर्गत रहेको स्वास्थ्य चौकीहरुमा रहेका स्वास्थ्य सेवीकाहरुलाई साईकल बितरण गरेको छ ।

गाउँपालिकाले ३६ जना स्वास्थ्य सेवीकाहरुलाई साईकल बितरण गरेको गाउँपालिका स्वास्थ्य शाखा प्रमुख भोजेन्द्र प्रसाद यादवले बताए । पटेर्वासुगौली गाउँपालिकाको स्वास्थ्य शाखाले छुट्ट्याइएको बजेट बाट ३६ जना स्वास्थ्य सेविकालाई ५ वटै वडाका स्वमसेविकालाई साईकल बितरण गरिएको हो।

## अहमदीया मुस्लिम जमाअतले आफनो सातौ बार्षिकोत्सव धुमधामले मनायो



बीरगन्ज,१४ चैत । अहमदीया मुस्लिम जमाअतले आफनो सातौ बार्षिक उत्सव पर्साको विन्दवासनी गाउँपालिकामा धुमधामका साथ मनाएको छ । विगत झै यसबर्ष पनि 'प्रेम सबैलाई गरौं घृणा कसैलाई नगरौ' भन्ने मूल नाराको साथ दुई दिने सातौं वार्षिक समारोह विन्दवासिनी गाउँपालिका वडा नं.५ प्रसौनी भाठ्ठा स्थित श्री मसरुर पब्लिक आधारभूत विद्यालयको प्रानमा सम्पन्न गरेको हो ।

अहमदिया संघका राष्ट्रिय अध्यक्ष कमरुल होदा अंसारीले यो समारोहको उद्देश्य नै बर्षमा एकपल्ट विभिन्न धर्मसँग आवद्ध व्यक्तिहरुलाई एकआपसमा बसेर सृष्टाचार गर्नु थियो र आज एकआपसमा बसेर कार्यक्रमको उद्देश्य सफल भएको बताउनु भयो । यो समारोह मानविय आचार संहिताको रक्षागर्ने, राष्ट्रीय एकता अखण्डता एवं धार्मिक सहिष्णुताको बारेमा चर्चा गरिन्छ र जमाअतको नारा 'प्रेम सबैलाई गरौं, घृणा कसैलाई नगरौं' लाई समस्त संसारमा फैलाउनु प्रयास गरिएको उनले बताए ।

**बाकी चौठो पृष्ठमा........**

## महावाणिज्य दूतद्वारा एक विद्यालयको नवनिर्मित भवनको उद्घाटन

बीरगंज महानगरपालिका वडा नम्बर २८ बगही टोलमा एक विद्यालयको नवनिर्मित भवनको उदघाटन भारतीय महावाणिज्य दूतबास बीरगंजका दूत शैलेन्द्र कुमारले गर्नु भएको छ । महान्नद प्रसाद उपाध्याय बिधालयको नवनिर्मित भवनको उदघाटन तथा सम्मान कार्यक्रम आयोजना गरिएको हो । नवनिर्मित भवनको प्रदेश सरकार र बीरगंज महानगरपालिकाको आर्थिक सहयोगमा करिब ४० लाखको लागतमा ६ कोठे भवन तयार गरिएको हो । लामो समय देखि विद्यार्थीहरु कक्षा कोठाको अभावमा अध्यापन गर्न समस्या हुदै आइरहेकोमा बल्ल सो भवन सम्पन्न भए पछि सहजता भएको अभिभावकहरुले बताएका छन् । महान्नद प्रसाद उपाध्याय बिधालय व्यवस्थापन समितिका अध्यक्ष राजेश कुमार साहको अध्यक्षतामा सम्पन्न समारोहमा बीरगंज महानगरपालिकाको शिक्षा महाशाखाका प्रमुख अरबिन्दलाल कर्ण, अधिवक्ता सुरेन्द्र कुर्मी, एमाले नेता शिव पटेल, लोसपा नेता श्रीरामजी गिरी लगायतले आफ्नो धारणा एवम् शुभकामना राख्नु भएको थियो । कार्यक्रमको स्वागत मन्तब्य महान्नद प्रसाद उपाध्याय बिधालयका प्रधानाध्यापक राजेश्वर पाण्डे ब्राह्मणले गर्नु भएको थियो भने कार्यक्रमको संचालन सहायक प्रअ प्रेम शंकर श्रेष्ठले गर्नु भएको थियो ।



## नेपाल न्यूज एक्सप्रेस दैनिकको लागी

प्रकाशक : अमिर मंसुरी
कार्यकारी प्रकाशक : सहन पौडेल
सम्पादक : सञ्जना कुमारी
कार्यकारी सम्पादक : शाहरुख मंसुरी
कानुनी सल्हाकार : मेराज मियाँ
बजार व्यस्थापक : आफताब राय
कप्युटर अपरेटर : मोरध्वज यादव
सम्पर्क कार्यालय : वीरगंज-१३ पर्सा (पावरहाउस)
मुद्रक : पौडेल अपसेट प्रेस, वीरगंज
सम्पर्क नं.: ९८५५०१२७०१
nepalnewsexpressdaily@gmail.com


## लोकसेवा प्रश्नहरु

१.नेपालमा कति लगानी गरिएका उधोगलाई मझौला उधोग भनिन्छ ?
a) रु ५ करोड देखि १० करोड सम्म
b) रु १० करोड देखि २० करोड सम्म
c) रु १० करोड देखि २५ करोड सम्म
d) रु २० करोड देखि ५० करोड सम्म

२.राष्ट्र बैंक ऐन अनुसार बार्षिक बजेट कुन दफामा उलेख छ ?
a) दफा ४९ b) दफा ५०
c) दफा ५१ d) दफा ५२

३.मौद्रिक एकाई ,बैंक नोट र सिक्का सम्बन्धी व्यवस्था राष्ट्र बैंक को कुन परिच्छेद उल्लेख छ ?
a) परिच्छेद ५ b) परिच्छेद ६
c परिच्छेद ७ d) परिच्छेद ८

४.नोते निश्कासन गर्दा राखिने सम्म्पतिको कम्तीमा कति प्रतिशत सुन ,चाँदी हुनु पर्छ ?
a) ४० प्रतिशत b) ४५ प्रतिशत
c) ५० प्रतिशत d) ६० प्रतिशत

५.नेपाल सरकारले स्वीकृति नोट निष्कासन गर्दा राखिने सम्पतिको कम्तीमा कति प्रतिशतसुन,चाँदी हुनु पर्छ ?
a) ३५ प्रतिशत b) ४० प्रतिशत
c) ४५ प्रतिशत d) ५० प्रतिशत

६.नोट निष्कासन गर्दा नोटमा देखिने चित्र कसको स्वीकृतिमा छपाई हुन्छ ?
a) नेपाल सरकार b) गभर्नर
c) डेपुटी गभर्नर d)अर्थमन्त्री

७.मुद्रास्फीति निरन्त्रण गर्ने मौद्रिक उपाए कुन होइन ?
a) बैंक दरमा कमी b) उपभोक्ता शाखा नियन्त्रण
c) खुला बजार क्रिया d) नगद कोष अनुपात बृधी

८.चालु आर्थिक वर्ष २०७६-७७ मा नेपाल सरकारले कति प्रतिशत आर्थिक वृद्धिको लक्ष्य लिएको छ ?
a) ६.५ b) ७
c) ७.५ d) ८.५

९.चालु आर्थिक वर्ष २०७६-७७ मा नेपाल सरकारले मूल्य वृद्धि कति प्रतिशत रहने लक्ष्य लिएको छ ?
a) ५.५ b) ६
c) ६.५ d) कुनै पनि होइन

१०.चालु आर्थिक वर्ष २०७६-७७ को बजेटमा वितीय व्यवस्थापन कति प्रतिशत बजेट छुट्याईएको छ ?
a) १०.८ प्रतिशत b)११ प्रतिशत
c) १२.९ प्रतिशत d) १३.९ प्रतिशत

**भोलिको अङ्गमा उत्तर प्रकाशित हुनेछ ।**

## चैत्र १४ गतेको उत्तरहरु

| प्रश्न | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उत्तर | C | B | C | A | B | A | C | B | A | B |




धुम्रपान त्याग्नु भएकोमा



तपाईलाई धन्यवाद ।


# मधेश प्रदेशमा पर्यटनको सम्भावनाहरु

फागुन २१ गते शनि दिनदेखि मधेश प्रदेशको राजधानी जनकपुरधाम र गण्डकी प्रदेशको राजधानी पोखरा बीच हवाई सेवाको शुभारम्भ भएको छ। पोखराबाट जनकपुरसम्म आउँदा पैतालिस मिनट लाग्ने भनिएको छ। यस हवाई सेवाबाट पोखरा पुग्ने पर्यटक जनकपुर आउने सक्ने र जनकपुर आउने पर्यटक पोखरा जान सक्ने अवस्था भएको छ। नेपालमा पोखरा आजसम्म प्रमुख पर्यटकीय गन्तव्य रहेकोमा अब पोखरा र जनकपुरको सम्बन्ध स्थापित भएपछि धार्मिक महत्व राख्ने जनकपुरलाई पनि सो अनुरुप विकास हुने सम्भावना बढ़ेको छ। तर यतिले मात्र पुग्दैन। पर्यटनकहरुलाई दुई चार दिन बस्ने अवस्थाको निर्माण आवश्यक छ। जनकपुरको विभिन्न मठ-मन्दिर, जानकी मन्दिर, राम मन्दिर, शंकटमोचन मन्दिरलाई सजाउने कुरा त आवश्यक छँदैछ, पोखरीहरुको सौन्दर्यीकरण गर्नुपर्ने पनि आवश्यक छ यसको साथै सड़क, स्तरीय होटल र नगरको सरसफाईको व्यवस्था पनि त्यति नै आवश्यक छ।

जनकपुरधाममा मुख्य रुपमा भारतीय पर्यटक आउने गरेको र यी पर्यटकहरुको लागि धार्मिक मेलाहरु रामनवमी, विवाह पंचमी, मिथिला परिक्रमा, झूलन महोत्सव आदि बढ़ी आकर्षणको केन्द्र हुन्छन। तर अन्य तेश्रो मुल्कबाट आउने पर्यटकहरु एक दिनमा जानकी मन्दिर, राममन्दिर आदिको दर्शन गरी सकेपछि फर्की हाल्छन। यस्ता पर्यटनले हामी बढी लाभ लिन पाइ रहेको छैनौ। पंचायतकाल भन्दा पूर्व रामनवमी र विवाह पंचमीको बखत महिना- महिना दिनसम्म मेला रहन्थ्यो। अब त्यस्तो रहेन। के त्यस्तो अवस्था व्युताउन सकिन्छ कि सकिदैन त्यस तर्फ पनि सम्बन्धित निकायले सोच्नुपर्छ। राममन्दिर, जानकी मन्दिर र रामनवमी र विवाह पंचमी, मिथिला परिक्रमा तथा झूलनोत्सव आदि बारे पनि विदेशहरु प्रचार गरिनुपर्छ जो भै रहेको छैन। धार्मिक पर्यटनको विस्तार गर्न राममन्दिर, जानकी मन्दिर आदिको साथै रामनवमी, विवाह पंचमी, मिथिला परिक्रमा धनुषाधाम आदिको पनि विश्व सम्पदा सूचीमा सामेल गर्न आवश्यक छ। अनि मात्र जनकपुरक्षेत्रको धार्मिक विकास र विस्तार सम्भव हुन्छ। अहिले जानकी मन्दिर, राममन्दिर र जनकपुरक्षेत्रको अन्य मठ मन्दिर तथा पोखरी तलाव आदिको सजी सजाउ गरेर मात्र जनकपुरक्षेत्रको धार्मिक पर्यटकीय विकास भै रहेको देखिदैन। अहिले भै रहेको मठ मन्दिरको साथै पोखरी तलावहरुको सजी सजाउ गर्नुपर्ने आवश्यक त छँदैछ तर धार्मिक पर्यटनको विकास र विस्तारको लायगि यतिले मात्र पुग्दैन। पर्यटकहरु आउँदा धार्मिक मठ मन्दिर तथा अन्य धार्मिक स्थलहरुको साथै जनकपुरधामको मिथिलाको संस्कृति र रामायण कथामा त्यसको प्रभाव साथै हाल मिथिला संस्कृतिको पहिचान हेर्न चाहन्छन।

हामी पनि पर्यटनमा विदेश तीर जाँदा त्यहाँ मुख्य पर्यटकीय स्थलको दिग्दर्शनको साथै त्यस देशको वा त्यस क्षेत्रको रहन सहन, पहिरन, व्यवहार आदि संस्कृतिक अवस्था पनि हेर्न चाहन्छौं। त्यस्तै हामी कहाँ आउने पर्यटकहरु प्नि हामी कहाँको रहन सहन, संस्कारहरुमा हुने विधि व्यवहारको साथै जीवन शैली पनि हेर्न चाहेको हुन्छन। तर पर्यटकहरुलाई यस प्रकारको परिचय गराउने खालको कुनै कार्यक्रम रहेको हामी कहाँ पाइदैन। कोरियाको एउटा निभेको ज्वालामुखी हेर्न हरेक वर्ष त्यहाँ पुग्ने पर्यटकको संख्या करोड़ पुग्छ, स्पेनको साँड़ै जुधाई हेर्न लाखौं पर्यटक त्यहाँ पुग्छन। मिथिलाञ्चलमा गोधनको दिन सुंगुरको बच्चालाई हुर्राहुर्री गराउने खेल हेर्न पनि विभिन्न देशहरुबाट पर्यटकहरुलाई आकर्षित गर्न सकिन्छ। मिथिलाञ्चलको अनौठो सांस्कृतिक सम्पदाहरु पर्यटकहरुको लागि प्रमुख आकर्षक बन्न सक्छ। नेपालमा भारत, चीन, अमेरिका, बेलायत, श्रीलंका, थाइलैण्ड, कोरिया, अष्ट्रेलिया, म्यानमार (वर्मा), जर्मनी, बंगलादेश, जापान, फ्रान्स, मलेशिया, स्पेन, नेदरल्याण्ड आदि देशहरुबाट पर्यटकहरु आई रहेका हुन्छन यसमा अधिकांश काठमाडौं-पोखरा बसेर फर्किन्छन। उनीहरुलाई जनकपुर ल्याई मिथिलाञ्चलको साँस्कृतिक, धार्मिक विशेषताहरुको परिचय गराइयो भने विश्वमा मधेश प्रदेशको परिचय अझ बढ़ी प्रचार प्रसार हुने देखिन्छ। रामायण कथाको प्रचार विशेष गरी दक्षिण पूर्व एशियामा त भएकै छ तर बाल्मीकि र तुलसी दासद्वारा रचित रामायणहरुमा मिथिलाको चर्चा कस्तो छ र रामायणको प्रमुख पात्र सीताको जन्म मिथिलामा भएको र राम मिथिलामा आउँदा के कस्तो हेर्नु भयो, विहे कसरी सम्पन्न भयो मिथिला के कस्तो रिवाज थियो यी सबै कुरा बुझ्न जनकपुरमा कुनै माध्यम छैन।

यी कुराहरुको जानकारी, राम रावण युद्ध, राम वन गमन आदि राम कथाका प्रसँगहरु देखाउन एकमात्र माध्यम ध्वनी र प्रकाश (लाईट र साउण्ड) हुन सक्छ। तर यसको चर्चा पर्यटनको सन्दर्भमा

## राजनीति समाचार

# लोसपा सरकारमा सहभागी हुदै

काठमाडौं,१४ चैत। लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सरकारमा सहभागी हुने भएको छ। सरकारमै सहभागी हुने बिषयमा जनता समाजवादी पार्टी विभाजन भई गठन भएको लोसपा फेरि सरकारमा सहभागी हुन लागेको छ।



सरकारमा सहभागी हुनकालागि लोसपाको केन्द्रीय कार्यालयमा चैत १६ गतेको लागि बैठक बोलाइएको छ। सो बैठकमा काँग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारमा सहभागी हुने या नहुने भन्ने विषयमा छलफल गरेर निर्णय लिइने कार्यकारिणी समितिका एक सदस्यले जानकारी दिए। तर, केन्द्रीय नेताहरुले भने सरकारमा सहभागी हुने मनस्थिति बनाई सकेका छन्।

प्रधानमन्त्री देउवाले लोसपालाई सरकारमा आउनका लागि आग्रह गरेपछि छलफल हुन लागेको हो। देउवाको प्रस्तावपछि लोसपाका केही नेताले स्थानीय तहको चुनावअघि नै सरकारमा सहभागी गराउनुपर्ने बताएका छन्। त्यो प्रस्तावमासमेत प्रधानमन्त्री देउवा सकारात्मक रहेको कारण पार्टीको बैठकबाट नै निर्णय गर्न लागेको ती नेताको भनाइ छ।

पार्टीबाट निर्णय भएपछि कतिवटा मन्त्रालय लिने, कुन कुन मन्त्रालय लिने लगायतको विषयमा प्रधानमन्त्री देउवासँग छलफल गर्ने बताइएको छ। अहिलेको रक्षा मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय रिक्त छ। यी दुइटै मन्त्रालय लोसपालाई दिने लगभग निश्चित नै छ।

तर लोसपा आएको खण्डमा मन्त्रिमण्डल पुनर्गठन गरेर जिम्मेवारी हेरफेर हुनसक्ने बताइएको छ। लोसपाको बैठकमा स्थानीय चुनावका सम्बन्धमा पार्टीको रणनीतिको विषयमा पनि छलफल हुने छ।

# मधेश सरकारको नयाँ दरबन्दी संरचना तयार, मुख्यमन्त्री राउत समक्ष प्रतिबेदन पेश

जनकपुरधाम, चैत १४ ।मधेश सरकारले लामो प्रतीक्षा पछि प्रदेशमा आवश्यक कर्मचारीहरुको नयाँ दरबन्दी संरचना तयार पारेको छ। मुख्यमन्त्री स्तरिय निर्णय बाट २०७८ माघ६ गते मुख्यन्यायाधिबक्ता दिपेन्द्र झाको संयोजकत्वमा गठित प्रदेश संगठन तथा ब्यबस्थापन सर्बेक्षण समितिले आज मुख्यमन्त्री लालबाबु राउतलाई प्रतिबेदन हस्तान्तरण गरेका छन। प्रतिबेदन बुझ्दै मुख्यमन्त्री राउतले नयाँ दरबन्दी संरचनाले मधेशमा कर्मचारी आभाबको समस्या समाधान हुने उल्लेख गर्दै कार्यान्वनको लागि आबश्यक प्रक्रिया अगाडी



बढाउन निर्देशन समेत दिनु भयो। प्रदेशमा हाल कायम रहेको ३१५८ दरबन्दी लाई बढाएर नयाँ प्रतिबेदन ले ४७९३ पुर्याएको समितिका संयोजक दिपेन्द्र झाले हस्तान्तरण समारोहमा बताउनु भयो। उहाँले प्रतिबेदन तयारीमा प्रदेश सरकारको एक रुपैया पनि खर्च नभएको बताउनु भयो।

सोही समितिले प्रदेश निजामती नियमावली समेत तयार पारेर सरकारलाई हस्तान्तरण गरेको छ। हस्तान्तरण गरिएको नया सांगठनिक संरचना र निजामती नियमावली मन्त्री परिषदबाट पारित भए लगत्तै प्रदेश लोक सेवा बाट नयाँ भर्ना तथा हाल कार्यरत कर्मचारी हरुको बढुवाको बाटो खुल्ला हुने समितिका सदस्य सचिव एवं मुख्यमन्त्री कार्यालयका उपसचिव रुपेश साहले बताउनु भयो।

समिती अर्का सदस्य सचिवमा प्रदेश सभा सचिबालयका सचिव रंजित यादव रहनु भएको थियो भन्ने प्रदेश सरकारका सचिब हरु सदस्य रहनु भएको थियो।

# अन्तर्राष्ट्रिय समाचार

## तालिबानको नयाँ नियम- पुरुष साथमा नभए महिलाले जहाज चढ्न नपाउने



अफगानिस्तानमा तालिबानले महिलाहरूलाई एक्लै हवाइजहाजमा यात्रा गर्न रोक लगाएको छ।

सोमबार तालिबानले एकल यात्रा गर्ने महिलाहरूलाई उडानमा रोक लगाएको समाचार संस्था एएफपीले जनाएको छ। तालिबानले पुरूष आफन्तबिना एक्लै यात्रा गर्ने सम्पूर्ण महिलालाई रोक्न अफगानिस्तानस्थित काबुल एयरलाइन्सलाई आदेश दिएको उड्डयन अधिकारीहरूले बताएका छन्। तालबानीहरूले आइतबार नै एक्लै यात्रा गरिरहेका महिलाहरूलाई बोर्डिङ पास दिन रोक्न आदेश दिएको अफगानिस्तान एरियाना अफगान एयरलाइन्स र काम एयरका दुई अधिकारीहरूले बताए। गत बिहीबार तालिबानी प्रतिनिधि, दुई एयरलाइन्स र अध्यागमन अधिकारीहरूबिच छलफल भएको थियो। त्यसपछि सो निर्णय लिइएको अधिकारीले बताएका हुन्। तालिबानीहरूले अमेरिकी पासपोर्ट भएकाहरूलाई समेत यात्रामा रोक लगाएको छ। तर मन्त्रालयले यो विषयमा आधिकारिक जानकारी दिएको छैन।

तालिबानहरूले पहिले नै एकबाट अर्को सहरमा यात्रा गर्न महिलाहरूलाई प्रतिबन्ध लगाएको थियो। अहिले उडानमा पनि रोक लगाएको हो। गत बुधबार तालिबानले अफगानिस्तानको नयाँ शैक्षिक सत्रदेखि लागु हुनेगरी ६ कक्षा माथिका छात्रालाई पढ्न शैक्षिक संस्था खोल्न नदिने निर्णय समेत गरेको थियो।

गत अगस्टमा असरफ घानीको सरकार हटाएर सत्तामा आएका तालिबानहरूले सरिया कानुनअनुसार देश चलाइरहेका छन्। तालिबान आएपछि भने महिलाहरूका अधिकार पनि कुण्ठित गरिएको छ।

## बालिकाले पढ्न पाउनुपर्ने माग गर्दै प्रदर्शन



अफगानिस्तानमा छात्राले विद्यालयमा पढ्न पाउनुपर्ने माग गर्दै शनिबार प्रदर्शन गरेका छन्। अफगानिस्तानको राजधानी काबुलमा छात्राले 'विद्यालय खोल' भन्ने माग गर्दै शनिबार गरेका हुन्। विद्यालयमा पढ्न र पढाउन पाउनु आफूहरूको आधारभूत अधिकार भएकाले विद्यालय जान पाउने व्यवस्था गर्नुपर्ने उनीहरूको माग छ। अगस्ट २०२१ मा तालिबानले अफगानिस्तानमा सत्ता कब्जा गरेपछि देशभरका विद्यालयहरू बन्द गरेको थियो। अफगानिस्तानमा तत्कालीन तालिबान विद्रोहीले सत्ता कब्जा गरेपछि महिलाहरूलाई अध्ययन अध्यापन तथा रोजगारीलगायतका कार्यमा सहभागी हुन नपाउने घोषणा गरेको थियो। सरकारको उक्त घोषणाको विश्वभर आलोचना भएको थियो। महिलालाई अध्ययन अध्यापन र रोजगारीमा वञ्चित गर्ने निर्णय सच्याउन दबाव परेको थियो। तालिवानी उच्च अधिकारीले भने त्यति वेलादेखि नै केही समयका लागि मात्रै यस्तो व्यवस्था गरिएको र चाँडै बालिकालाई पनि पढ्न दिइने प्रतिबद्धता जनाउँदै आएका थिए। प्रतिबद्धताअनुसार तालिबान सरकारले गत हप्तादेखि छात्रालाई विद्यालय जान दिने निर्णय गरेको थियो।बुधबार अफगानिस्तानका हजारौं बालिका फेरि पढ्ने आशा लिएर विद्यालय पुगे। शिक्षा मन्त्रालयले यसै दिनदेखि कक्षा सञ्चालन गर्ने निर्णय गरेको थियो। त्यसको केही घन्टापछि तालिबानले केटीका लागि पोशाकको निर्णय नभएकाले विद्यालय नखोल्ने घोषणा गऱ्यो। तालिबान सरकारको यो निर्णयबाट धेरै केटीहरू विद्यालय परिसरमै रोएका थिए। शनिबार काबुलको सिटी स्क्वायर पुगेका केटीहरूले तालिबानको निर्णयको विरोध गर्दै 'स्कुल खोल, न्याय गर' भन्ने नारा लगाएका थिए। यी युवतीले हातमा प्लाकार्ड लिएका थिए जसमा लेखिएको थियो- 'शिक्षा हाम्रो मौलिक अधिकार हो, यो कुनै राजनीतिक योजना होइन।' यी प्रदर्शनकारी केटीले छोटो दूरीको जुलुस निकाले तर तालिबान लडाकुहरू प्रदर्शनस्थलमा पुगेपछि फर्कन बाध्य भएका थिए।

अहिले विद्यालयमा छात्रालाई जान दिने निर्णय कार्यान्वयन नगरेपछि पुन: विश्वभर चिन्ता र चासो व्यक्त भएको छ। विद्यालय जान पाउनु आफूहरूको आधारभूत मानवअधिकार भएकाले यसलाई राजनीतिक रूपमा लिन नहुने प्रदर्शनकारीहरूको भनाइ छ।

हामीलाई विद्यालय जान दे, हामीलाई न्याय दे जस्ता माग राख्दै प्रदर्शनकारीले काबुलमा परेको प्रदर्शनलाई निकै महत्त्व दिइएको छ। उनीहरूको आन्दोलनप्रति अधिकारवादी संघ संस्था तथा निकायहरूले पनि ऐक्यबद्धता जनाएका छन्। तालिबान शासन र इस्लामिक धर्मको केन्द्रले बालिकाका लागि विद्यालय किन नखोलेको भनेर कुनै जवाफ दिएनन्। अफगानिस्तानमा माध्यमिक विद्यालयका केटीहरू विगत ७ महिनादेखि विद्यालय गएका छैनन्। शिक्षा सबैको अधिकार भएको उल्लेख गर्दै तालिबानले यो अधिकार खोसेको प्रदर्शनमा सहभागी एक बालिकाले बताइन्। यसै क्रममा अर्की एक आन्दोलनकारी युवतीले तालिबानले अफगानिस्तानका महिलामाथि दमन गरिरहेको बताइन्। गत वर्ष अगस्ट १५ मा अमेरिकी सेनाले अफगानिस्तान छोडेपछि दुई दशकपछि तालिबान सत्तामा फर्किएको थियो। त्यसयता तालिबान सरकारले महिलामाथि धेरै प्रतिबन्ध लगाएको छ। महिलाहरूलाई सरकारी जागिरबाट निकालेको थियो, एक्लै यात्रा गर्न प्रतिबन्ध लगाएको थियो र कुरान अनुसारका पोशाक लगाउन आदेश दिइएको छ। गत वर्ष सत्तामा फर्किएपछि तालिबानले आफ्नो शासन लचिलो बनाउने वाचा गरेको थियो। सन् १९९६ देखि २००१ सम्म अफगानिस्तानमा तालिबानको शासनकालमा धेरै अत्याचार भएका थिए तर पहिलेका जस्तै अझै पनि धेरै प्रतिबन्धहरू छन्। तालिबानले राष्ट्रियस्तरमा त्यस्ता प्रतिबन्ध घोषणा नगरे पनि स्थानीय तहमा यस्ता कठोर धेरै आदेश लागू गरेको छ।

यो निर्णयले सम्भावित अन्तरराष्ट्रिय दाताहरूबाट मान्यता प्राप्त गर्ने तालिबानको प्रयासमा प्रतिकूल असर पार्ने सम्भावना छ। अफगानिस्तान मानवीय संकटबाट गुज्रिरहेका वेला तालिबानले यो कदम चालेको हो।

सहायता संगठनहरूले यस कदमले अफगानिस्तानको भविष्यको बारेमा अनिश्चितता बढाएको बताए।

छात्राका लागि छैटौँ कक्षाभन्दा माथिका कक्षा नखोल्ने निर्णय गरेसँगै अन्तरराष्ट्रिय समुदायले आवाज उठाएको छ। यसैबीच अमेरिकाले दोहामा तालिबानसँगको बैठक रद्द गरेको छ। अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताले उक्त जानकारी दिएका हुन्।

अमेरिकी विशेष प्रतिनिधि थोमस वेस्टले यो निर्णयबाट स्तब्ध भएको बताएका छन्।

## आजको राशिफल

**मेष** श्रमको उच्च मूल्यांकन हुनेछ। पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ। आवश्यक भौतिक साधन जुट्नाले नयाँ काम थालनी हुनेछ। दिगो फाइदा हुने काम प्राप्त हुन सक्छ। आयस्रोत बढ्नुका साथै पछिका लागि पनि सामान्य लगानी गर्न सकिनेछ। कृषि, पशुपालन तथा व्यापारमा मनग्य आयआर्जन हुनेछ। अरूका लागि सञ्चित धन उपयोग गर्नुपर्ला।

**वृष** नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ। पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ। व्यवसायमा पनि फाइदै हुनेछ। कर्मयोगले मानसम्मान समेत दिलाउनेछ।

**मिथुन** चुनौतीभित्र अवसर खोज्ने समय छ। पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ। स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा विशेष ध्यान पुर्याउनुहोला। सामाजिक कामको जिम्मेवारी प्राप्त हुने समय छ। नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ने हुनसक्छ।

**कर्कट** परिस्थितिको चक्रमा अलमलिनुपर्दा काम बन्न समय लाग्नेछ। अस्वस्थ शरीर लिएर काममा जुट्नुपरे पनि प्रयत्न गर्दा फाइदाका स्रोत पहिचान गर्न सकिनेछ। नियमित काम सम्पादन हुनेछन् तर कमजोर नतिजा सच्याउन काम दोहोर्याउनुपर्ला। पहिलेका कामबाट सामान्य फाइदा भइरहनेछ। व्यापारमा फाइदा हुनेछ, सेवाग्राहीहरूको मन जित्ने प्रयत्न गर्नुहोला।

**सिंह** परिस्थिति अनुकूल रहनेछ भने लगनशीलताले लक्ष्यमा पुर्याउनेछ। छोटो समयमा फाइदा उठाउन सकिनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। परिवारजनको साथले उत्साह जगाउनेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ। व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ।

**कन्या** चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ। ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ। मिहिनेतले काममा सफलता दिलाउनेछ। समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। रोग तथा शत्रुमाथि विजय प्राप्त हुनेछ। प्रतिस्पर्धाको दौडमा समेत जित हासिल हुनेछ।

**तुला** विभिन्न अवसर प्राप्त भए पनि कामको मेसो नमिल्दा व्यवहारमा पछि परिनेछ। अरूका लागि बुद्धि खर्चनुपर्ला। स्वास्थ्य कमजोर रहनेछ। समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला। सम्भावना देखिए पनि उपलब्धि हातपार्न बढी श्रम गर्नुपर्ला। कमजोर नतिजा सच्याउन काम दोहोर्याउनुपर्ला। अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ।

**वृश्चिक** छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ। अरूका लागि उपयोग भइनेछ र बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ। आवेशको व्यवहार र सानो असमझदारीले आफन्तजन टाढिन सक्छन्। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला।

**धनु** कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन्। अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। मिहिनेतले सफलताको उचाइमा पुर्याउनेछ।

**मकर** प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ। द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ। बोली-व्यवहारमा अलि सजग रहनुपर्ला। हातबाट लक्ष्मी बाहिरिने सम्भावना देखिएकाले कर्जा र उधारो व्यापारमा चनाखो रहनुपर्नेछ। विवादास्पद कामको जिम्मेवारी आउन सक्छ। छिद्र खोतल्नेहरूबाट सावधान रहनुहोला। सावधानीले काम बन्नेछ।

**कुम्भ** बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन्। अध्ययनले व्यक्तित्व निखार्ने समय छ। मिहिनेत गर्दा दिगो काममा जग बसाउन सकिनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ।

**मीन** आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ। पछिका लागि लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। यात्रा खर्चिलो र कष्टकर बन्न सक्छ। छिमेकमा असमझदारी बढ्नेछ, होसियारीसाथ काम लिनुहोला। भविष्यका लागि केही वस्तु त्याग्नुपर्ला। सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ।

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
वीरगञ्ज महानगरपालिका कार्यालय

जन्म दर्ता, मृत्युदर्ता, विवाह दर्त सम्बन्ध विच्छेद र व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पर्सागढी नगरपालिका कार्यालय

घरघरमा शौचालय बनाऔं, राष्ट्रिय भियानमा सहयोग पुऱ्याऔं ।
बहुदरमाई नगरपालिका कार्यालय

सडक किनारामा गाईवस्तु नछौडौं, सभ्य नागरिक बनाऔं ।
पोखरिया नगरपालिका कार्यालय

पर्यटकीयस्थलको संरक्षण र प्रचार गरौं, विकासमा जुटौं ।
ठोरी गाउँपालिका कार्यालय

शौचालयको निर्माण गरौं, गाउँलाई खुल्ला दिशामुक्त बनाऔं ।
विन्दवासिनी गाउँपालिका कार्यालय

निर्धारित मापदण्डको पालना गरौं, ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाउँपालिका कार्यालय

## प्रदेशसभालाई विघटन गर्नुपर्ने - सांसद मञ्जु यादव



वीरगंज, चैत १४ । नेकपा एकीकृत समाजवादीकी सांसद मञ्जु यादवले प्रदेशसभालाई विघटन गर्नुपर्ने भन्दै आक्रोश व्यक्त गरेकी छन् । विगत लामो समयदेखि स्थगित मधेस प्रदेशको प्रदेशसभाको शुक्रबार बसेको बैठकमा सांसद यादवले यस्तो आक्रोश पोखेकी हुन् । 'संसद बैठक चल्दै गर्दा विभागीय मन्त्रीको उपस्थिति अनिवार्य मानिन्छ । तर, यहाँ मन्त्री कोही देखिँदैन,' सांसद यादवले भनिन्, 'विश्वभरिका संसद् बैठकहरू मन्त्रीको अनुपस्थितिमा चल्न सक्दैन । तर यहाँ चलिरहेको छ, यो तुरुन्तै सम्बोधन हुनुपर्छ ।' मन्त्रीहरू संसद बैठकमा नआउने र सांसदहरूको गुनासो नसुन्ने हो भने मधेस प्रदेशसभा विघटन गर्न पनि उनले माग गरेकी छन् । 'मन्त्रीहरू सबै जागिरमा गएपछि संसदको औचित्य के त ? त्यसैले बरु यसलाई विघटन गरिदिए पनि हुन्छ,' सांसद यादवले भनिन् । 'आफ्नै दलका नेताहरु मन्त्री बनिसकेपछि प्रदेश सभाको के काम ?' उनले भनिन्, 'विघटन गरिदिँदा पनि हुन्छ । उहाँहरु जागिर चलाउँदै हुनुहुन्छ ।' शुक्रबार बसेको प्रदेशसभा बैठकमा कुनैपनि मन्त्री उपस्थित नहुँदा प्रदेशसभा सदस्यहरूले आपत्ति जनाएका छन् । लोकतान्त्रिक समाजवादी पार्टीकी सांसद रानी शर्मा तिवारीले असोजमै पेश गरिएको योजनाका लागि बजेट नदिँदै इन्जिनियर पनि तय गर्न नसक्नु दुःखद रहेको बताइन् । उनले प्रदेश सभामा आफूहरु जति बोलेपनि सरकारले त्यसको महत्व नदिने गरेको दुःखेसो पोखिन । बैठकमा सांसदहरुले सरकारले योजना लिइसके पनि कामकारबाही अगाडि नबढाएको भन्दै आक्रोश व्यक्त गरेका छन् ।

## अहमदीया मुस्लिम....

अहमदिया मुस्लिम जमाअत एक विशुद्ध धार्मिक तथा अध्यात्मिक जमाअत हो जसको राजनैतिक कुनै उद्देश्य छैन । उनले भने, 'यो जमाअत विश्वको २१६ वटा देशहरूमा विर्सीएर अलमलमा परेको मानव जातिहरूलाई अल्लाह तआलाको उपासनाको साथै एक आपसमा प्रेम तथा एकतामा आबद्ध गर्ने खालका कार्यक्रमहरु संचालन गर्दै आएको छ ।' जमाअतलाई वर्तमानमा पाँचौ (खलीफा) आध्यात्मिक उत्तराधिकारी नेतृत्व हजरत मिर्जा मसरूर अहमदले नेतृत्व प्रदान गरिरहनु भएको छ । अध्यक्ष अंसारीले भने, 'धर्मको कुनै भेदभाव नगरिकन मानव जातिको सेवा गर्नु यस जमाअतको मुख्य कार्य हो' जमाअत अहमदियाले संसारमा धर्मको नाममा केहि कट्टरवादीहरुले गरीरहेको उपद्रव तथा राजनितीको समर्थन गर्दैन । ' धर्मको अर्थ केवल अध्यात्मिकता तथा अल्लाह तआलाको प्रेम प्राप्त गर्नु हो । अहमदिया जमाअतले हिंसा, अन्याय र आतंकलाई समर्थन गर्दैन ।' समारोहमा सहभागि बक्ताहरुले अहमदिया संघ नेपाल द्वारा विगत २७ वर्षदेखि मानव तथा समाज सेवामा पुऱ्याउँदै आएको योगदान बारे प्रशंसा व्यक्त गरेका थिए । कार्यक्रममा सांसद रौनियारले विश्वमा शान्तिको स्थापनाको लागि अहमदिया समुदायले पुऱ्याउँदै आएको योगदान प्रशंसनीय रहेको बताए । गाउँपालिका अध्यक्ष श्रीलाल साह कानु (मोदी) ले पनि देशभरी मावनता कायम गर्न अहमदिया संघले थप प्रेरणा दायक कार्य गर्दै जान सुझाव दिए । उपाध्यक्ष किरण देवीले पनि संघले शान्ति स्थापनाको साथै गाउँपालिकामा विद्यालय नै स्थापना गरी समाजका बालबालिकाहरुको भविष्यको लागि पुऱ्याउँदै आएको योगदान अतुल्य रहेको बताए । कार्यक्रममा ब्रहमकुमारी राजयोग सेवा केन्द्रका गोविन्द भाई जीले अहमदिया संघको समारोहमा सबै जातजाति, धर्म र धर्मगुरुहरुको ठूलो सम्मान गरेर आफू अचम्म परेको बताए । उनले भने, समाजमा एक आपसको भाईचारा र सहानुभुति कायम गर्न यो समारोहले ठूलो योगदान पुऱ्याएको छ । अन्तराष्ट्रिय अहमदिया मुस्लिम जमाअतका प्रतिनिधि पी.एम.रशीदको अध्यक्षतामा आयोजित समारोहमा देशभरीका अहमदीया मुस्लिम जमाअतका पदाधिकारी, समाजसेवी प्रमोद तिवारी, गम्भिरा साह तेली, डा. हरीकृष्ण प्रसाद लगायत विभिन्न धार्मिक गुरु, बुद्धिजिवी र

## मधेस प्रदेशको.......

उत्रेको बताए । उनले ९ दिने आमरण अनसनको क्रममा पनि मधेस प्रदेशका भौतिक पुर्वाधार विकासमन्त्री रामसरोज यादवको अगुवाईमा छानवीन समिति गठन गरेर एक महिना भित्र छानवीन प्रतिवेदन सार्वजनिक गर्ने सहमती जनाएपनि ६ महिना बित्दा समेत छानवीन प्रतिवेदन सार्वजनिक गर्न नसक्नु मधेश सरकारको असक्षमता रहेको बताए । पटक पटक शान्तिपुर्ण आन्दोलन गर्ने देखि लिएर आमरण अनसनमा समेत बसेपनि प्रदेश सरकारले आफैले गरेको प्रतिवद्धतालाई पुरा गर्न आनकानी गर्दै आएको तथा पटक पटक ज्ञापनपत्र बुझाएपनी कुनै सुनुवाइ नभएपछि बाध्य भएर आफूहरू मुख्यमन्त्री कार्यालय घेराउ गर्न पुगेको यादवले बताए । मुख्यमन्त्री कार्यालय घेराउ गर्न पुगेका आन्दोलनकारी र प्रहरीबिच झडपसमेत भएको थियो । निषेधित क्षेत्रमा जुलुस, बन्द, हडताल तथा नाराबाजी गर्न नमिल्ने भएकाले प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।स्थानीय रेल्वे स्टेशनबाट जुलुससहित नराबाजी गर्दै चुरे तथा वनजङ्गल अभियन्ताहरू मुख्यमन्त्री कार्यालय घेराउ गर्न पुगेका थिए

## पर्साको जंगलमा...

डिभिजन वन कार्यालय पर्साका प्रवक्ता सहायक वन अधिकृत रेयाज अहमद अन्सारीले भने डढेलो नियन्त्रणका लागि जनशिक्त परिचलन गरि सकिएको बताउनुभयो । नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र बन रक्षकको टोली परिचालन गरिएको र बाकी स्थानको पनि आगो नियन्त्रणको लागि जिल्लाले निर्देशन दिइसकेको उहाले बताउनु भयो । जंगलमा लागेको आगो नियन्त्रण बन कर्मचारी र प्रहरीले मात्रै गर्न नसक्ने भएकोले स्थानीयवासीको पनि सहयोग आवश्यक रहेको अन्सारीले बताउनु भयो । यसैबीच सुनाखरि उपभोक्ता समिती र पन्चनुखी सामुदायिक बनमा लागेको डढेलो निभाउन स्थानीयवासी नै खटेका छन् । उपभोक्ताहरु, विभिन्न समितिका सदस्यहरु र नेपाली सेनाको सहयोगमा आगो निभाउन प्रयास भैरहेको भन्दै सुनाखरी उपभोक्ता समितिका अध्यक्ष भिम बहादुर पाखीनले कतिपय ठाउँमा डढेलो नियन्त्रणमा पनि आइसकेको जानकारी दिनुभयो ।

## स्थानीय तहको निर्वाचनमा सबै दललाई आफ्नै चुनाव चिह्नका आधारमा प्रतिस्पर्धा गर्न पाउने





निर्वाचन आयोगले स्थानीय तहको निर्वाचनमा सबै दललाई आफ्नै चुनाव चिह्नका आधारमा प्रतिस्पर्धा गर्न दिने व्यवस्था गरेको छ । सोमबार काठमाडौंमा आयोजित नियमित पत्रकार सम्मेलनमा आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले राष्ट्रिय मान्यता प्राप्त नगरेका दलहरुलाई पनि दल दर्ताको समयमा लिएको चुनाव चिह्नकै आधारमा चुनावमा प्रतिस्पर्धा गर्न दिने निर्णय गरेको जानकारी दिनुभयो । यसअघि आयोगले स्थानीय तह निर्वाचनका लागि दर्ता भएका राष्ट्रिय मान्यता प्राप्त बाहेकका दलहरुलाई जिल्लामा रहेको संगठन संरचनाको विवरण माग गरेको थियो । त्यसका आधारमा आयोगले जिल्लामा रहेका दलको संख्या पनि टुङ्गो लगाएको छ । आयोगका अनुसार स्थानीय तहको निर्वाचनका लागि काठमाडौंमा सबैभन्दा बढी ४६ राजनीतिक दल दर्ता भएका छन् । प्रवक्ता पौडेलले आयोगमा ६ वटा राष्ट्रिय मान्यता प्राप्त दल र ४० वटा साना राजनीति दल दर्ता भएको जानकारी दिनुभयो । त्यस्तै डोल्पामा सबैभन्दा कम ५ वटा साना दल दर्ता भएको उहाले बताउनुभयो । उहाले दल र उम्मेदवार धेरै हुने भएकाले मतपत्रको आकार ठूलो हुने पनि जानकारी दिनुभयो । उहाले निर्वाचनको सबै मतपत्र जनक शिक्षा सामाग्रीमा छापिने बताउनुभयो । त्यस्तै आयोगले आइतबार नै मतदाताको अन्तिम नामावली सार्वजनिक गरेको जनाएको छ । जसमा पुरुष मतदाता भन्दा महिला मतदाताको संख्या धेरै छ । त्यस्तै राष्ट्रिय संस्थाहरुले मात्रै निर्वाचनमा पर्यवेक्षण गर्न पाउने व्यवस्था गरिएको प्रवक्ता पौडेलले बताउनुभयो ।

## बालिका अपहरण गरी १५ लाख फिरौती माग्ने ३ जना पक्राउ



वीरगंज,१४ चैत । धनुषामा एक ४ वर्षीया बालिकालाई अपहरण गरी बालिकाको परिवारसँग पन्ध्र लाख फिरौती माग्ने गिरोहलाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा जिल्लाको धनुषाधाम नगरपालिका-३ का २१ वर्षीय अरविन्द मुखिया, जनकपुरधाम उप-महानगरपालिका-१ का २१ वर्षीय रविकुमार दास र कमला नगरपालिका-८ हाल जनकपुर उप-महानगरपालिका-१६ घरभाडा गरी बस्दै आएका २० वर्षीय अभिषेकचन्द्र दास रहेका छन् । सुरुमा प्रहरीले घटनामा संलग्न ७ जनालाई नियन्त्रणमा लिएको थियो । पछि अनुसन्धानको क्रममा ४ जनाको अपहरणमा संलग्नता नदेखेपछि छाडेको र ३ जनामाथि अपहरण तथा शरीर बन्धक मुद्दामा अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको धनुषाका प्रहरी प्रवक्ता डिएसपी जितेन्द्र बस्नेतले बताए । बिहीबार जनकपुरधाम उपमहानगरपालिका-१६ पुलचौकस्थित आफ्नै घर अगाडी खेलिरहेको अवस्थामा कमला नगरपालिका-२ हाल जनकपुरधाम उपमहानगरपालिका-१६ बस्दै आएका ध्रुवकुमार मण्डलकी ४ वर्षीया छोरी सृष्टि मण्डललाई उनीहरूले अपहरण गरी लगेका थिए । प्रहरीले खोजतलास गरी शुक्रबार धनुषाको विदेह नगरपालिका-८ बफैबाट बालिकालाई उद्धार गरी ल्याएको थियो । प्रहरीका अनुसार पक्राउ परेका मध्ये अभिषेकचन्द्र दास बालिकाको परिवारसँगै एउटै घरमा भाडा लिइ बस्दै आएका थिए । उनीहरुले पूर्व योजना अनुसार बालिका विद्यालयबाट आएर बिहीबार साँझ ७ बजे घर अगाडी खेलिरहेको अवस्थामा ललाइफकाइ मोटरसाइकलमा बसाएर लगेका थिए । त्यसको विहानैदेखि बालिकाको परिवारलाई फोन गरी फिरौतीको लागि पन्ध्र लाख रुपैयाँ मागेका थिए । बालिकाको परिवारले प्रहरीलाई दिएको मोवाइल नम्बरलाई प्रविधिक विश्लेषणको आधारमा अभिषेकचन्द्र दासलाई पक्राउ गरी अनुसन्धान गर्दै जाँदा अपहरित बालिका धनुषाको विदेह नगरपालिकामा हुनसक्ने खुलेको थियो ।

## सर्लाहीमा मोटरसाइकल दुर्घटनामा परेर एक जनाको मृत्यु,१ जना घाइते



वीरगंज, चैत १४ । सर्लाहीमा मोटरसाइकल दुर्घटनामा परेर एकजनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन् । जिल्लाको कविलासी नगरपालिका अन्तर्गत सलेमपुरमा सोमबार दिउँसो मोटरसाईकल दुर्घटना हुँदा मलंगवा नगरपालिका-३ का २७ वर्षीय तौखिन मिकरानीको मृत्यु भएको प्रहरीले जनाएका छन् । त्यस्तै २६ वर्षीय मकबुल लहरी साफी गम्भिर घाइते रहेको सर्लाही प्रहरीले जनाएको छ । मंलगवाबाट बरहथवा जाने क्रममा सोमबार दिउँसो साँढे १ बजे कबिलासी नगरपालिका-१०, सलेम्पुर स्थित प्रदेश-२-०३-०१८ प ९६८३ नम्बरको मोटरसाईकल आफै अनियन्त्रीत भई सडक छेउमा रहेको विद्युत पोलमा ठोकिएको थियो । पोलमा ठोकिएर गम्भिर घाइते भएका मिकरानीको प्रादेशिक अस्पताल मलंगवामा उपचारको क्रममा मृत्यु भएको हो । त्यस्तै गम्भिर घाइते भएका साफीलाई थप उपचारका लागि बीरगन्जतर्फ रिफर गरिएको हो । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको सर्लाही प्रहरीले जनाएको छ ।


| | | | | | | |
|---|---|---|---|---|---|---|
| दैवि प्रकोपबाट बच्न समयमै सतर्कता अपनाऔं । | वातावरण जोगाऔं, दिर्घ जीवनमा जुटौं । | गरिबी हटाऔं, दिगो कृषि विकासको निम्ती जुटौं । | स्वरोजगार बनौं, गरिबी हटाऔं । | छुवाछुत विरुद्ध जुटौं,सबै क्षेत्रमा समानता दिलाऔं । | पारदर्शी बनौं भ्रष्टचार रोकौं । | बेटी पढाऔं बेटी बचाऔं । |
| सखुवाप्रसौनी गाउँपालिका कार्यालय | छिपहरमाई गाउँपालिका कार्यालय | जगरनाथपुर गाउँपालिका कार्यालय | कालिकामाई गाउँपालिका कार्यालय | धोबिनी गाउँपालिका कार्यालय | पकाहामैनपुर गाउँपालिका कार्यालय | पर्टेवा सुगौली गाउँपालिका कार्यालय |